नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

पत्र संख्या:- ०७८/७९ मितिः- २०७८/१०/२४

चलानी नम्बर:-

## मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

जिल्लाभित्र कोभिड-१९ संक्रमणको जोखिम रोकथाम तथा नियन्त्रणका लागि जिल्ला कोभिड व्यवस्थापन समिति, मकवानपुरको मिति २०७८-१०-२४ को निर्णय, जिल्ला सुरक्षा समितिको मिति २०७८-१०-२४ को निर्णय, संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८-१०-२४ गते राती १२:०० बजेदेखि मकवानपुर जिल्लाभर लागू हुने गरी यो आदेश जारी गरिएको व्यहोरा अनुरोध छ । यो आदेशको बर्खिलाप भए, गरेको पाइएमा प्रचलित कानून बमोजिम कडा कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

देहायः-

१. आवश्यक काम परी घरबाहिर निस्कनुपर्दा अनिवार्यरूपमा मास्कको प्रयोग गर्ने, भौतिक दूरी कायम गर्ने, भिडभाड नगर्ने, नगराउने साथै अनिवार्य रूपमा खोपकार्ड (मोबाइलमा भएपनि हुने) राख्ने ।
२. सबै प्रकारका आमसभा, जुलुस, सभा, भेला, मेला, सम्मेलन, जात्रा, महोत्सव वा धेरै मानिस भेला हुने क्रियाकलाप सञ्चालन नगर्ने, नगराउने ।
३. गोष्ठी, सेमिनार, समीक्षा, बैठक जस्ता क्रियाकलापहरू सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रूपमा उपस्थित भई गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी र एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा बढीमा ५० जना मात्र सहभागी रहने गरी सञ्चालन गर्ने । साथै, त्यस्ता क्रियाकलाप सञ्चालन गर्दा खोपको पूरा मात्रा लगाएका व्यक्तिहरू मात्र उपस्थित हुने गरी गर्ने व्यवस्था मिलाउने ।
४. डान्स बार, दोहोरी, नाचघर, पब, क्लब लगायतका रात्रिकालीन व्यवसाय, सिनेमा हल, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल तथा फुटसल, पिकनिक स्थल जनस्वास्थ्य र सुरक्षाको मापदण्ड परिपालना गर्नेगरी संवत् २०७८ साल फागुन १ गतेबाट राती १० बजेमा नबढ्ने गरी सञ्चालन गर्न सकिने ।
५. खेलकुद कार्यक्रम सञ्चालन गर्दा एक पटकमा कूल दर्शक क्षमताको ५० प्रतिशतमात्र उपस्थित रहने गरी जनस्वास्थ्यको मापदण्ड परिपालना गर्ने गरी संवत् २०७८ साल फागुन १ गतेदेखि सञ्चालन गर्न सकिने ।
६. विद्यालय, कलेज, ट्यूशन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलापहरू जनस्वास्थ्य र सुरक्षाको मापदण्ड पालना गरी संवत् २०७८ साल फागुन १ गतेबाट सञ्चालन गर्ने व्यवस्था शिक्षा विकास तथा समन्वय इकाई, मकवानपुर र स्थानीय तहहरूले मिलाउने । तर विद्यालय सञ्चालन गर्दा १२ वर्ष पूरा भएका विद्यार्थीका हकमा नियमित रूपमा तथा १२ वर्ष पूरा नभएका विद्यार्थीका हकमा आलोपालो दिनमा कक्षा सञ्चालन गर्ने ।
७. विद्यालय, कलेज, संघ तथा प्रदेश लोक सेवा आयोगका सबै किसिमका परीक्षाहरू जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्न सकिने ।
८. संवत् २०७८ साल फागुन १ गतेदेखि मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्चलगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी एक पटकमा ५० जनाभन्दा बढी नहुने गरी पूजा, ध्यान वा प्रार्थना गर्न, गराउन सकिने ।
९. पार्टी प्यालेसमा एक पटकमा कूल क्षमताको बढीमा ५० प्रतिशत वा १०० जनामा नबढ्ने गरी जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी विवाह, ब्रतबन्ध, न्वारान तथा पास्नी जस्ता धार्मिक, सांस्कृतिक, सामाजिक वा अन्य कार्यक्रम सञ्चालन गर्न सकिने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

१०. धार्मिक वा सांस्कृतिक जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान, मृत्यु संस्कार लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरू सञ्चालन गर्दा ५० जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने ।

११. सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहायबमोजिम गर्ने:-

क. सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,
ख. सबै यात्रुलाई मास्क अनिवार्य गर्ने,
ग. सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नुपर्ने,
घ. चालक तथा सहचालकले मास्क र फेस-सिल्ड लगाउनु पर्ने,
ङ. सवारी साधनलाई दैनिक रूपमा निसङ्क्रमित गर्नुपर्ने,
च. सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने,
छ. मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,
ज. लामो दूरीमा चल्ने सार्वजनिक यातायातका साधनहरूले यात्रुहरूलाई बसपार्कबाट Pick and Drop मात्र गर्ने व्यवस्था मिलाउने ।

१२. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

१३. होटल तथा रेष्टुरेण्टले देहायबमोजिम मापदण्ड पालना गरी सेवा दिने:-

क. होटेल तथा रेष्टुरेण्टका कामदारले अनिवार्य रूपमा मास्क, फेस-सिल्ड र पञ्जा लगाउने,
ख. होटेल तथा रेष्टुरेण्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,
ग. कूल क्षमताको आधा भन्दा बढी नहुने गरी कम्तिमा दुई मिटरको भौतिक दूरी कायम गर्नुपर्ने,
घ. सेनिटाइजरको व्यवस्था गर्नुपर्ने,
ङ. होटेल तथा रेष्टुरेण्टलाई नियमित रूपमा निसङ्क्रमित गर्नुपर्ने,
च. होटेल तथा रेष्टुरेण्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटेल तथा रेष्टुरेण्ट प्रवेश गर्न नदिने,
छ. राष्ट्रिय राजमार्गहरूमा सञ्चालित होटेल तथा रेष्टुरेण्टहरूले जनस्वास्थ्यका मापदण्डहरू अनिवार्य पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने,
ज. होटेल तथा रेष्टुरेण्टहरू रातको १०:०० बजेसम्म मात्र खुला राख्ने ।

१४. सबै प्रकारका व्यवसायहरूको अग्रपङ्क्तिको काउन्टरमा रही काम गर्ने र ग्राहकहरूलाई नियमित सेवा दिने कर्मचारीको सम्बन्धित निकाय वा संस्थाले हप्ताको दुई पटक एन्टिजेन परीक्षण गराई रिपोर्ट नेगेटिभ आएका व्यक्तिलाई मात्र काममा खटाउने । उद्योग प्रतिष्ठानहरूले आफ्ना कामदारलाई एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएका व्यक्तिलाई मात्र जनस्वास्थ्यका मापदण्डहरू पूर्ण पालना गरी काममा लगाउने ।

१५. जुनसुकै सेवा वा क्षेत्रमा कार्यरत व्यक्तिमा कोभिड-१९ को चिन्ह वा लक्षण देखिएमा अनिवार्य रूपमा पाँच दिन क्वारेन्टिमा बस्ने र ५ दिन पछि कोभिड-१९ परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्र काममा आउने ।

१६. नियमित रूपमा सञ्चालन हुनुपर्ने स्वास्थ्य सेवाहरू जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित सञ्चालन गर्ने ।

१७. मास्क वितरण अभियानलाई निरन्तरता दिने ।

२०७८/१०/२४
भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी